प्र.जि.अ.का.झापा द.नं. २६/०३९/४०
हु.जि.द.नं. : ९७/०८०/०८१

# जनज्योति साप्ताहिक

## Janajyoti Weekly

■ वर्ष: ४५ ■ अंक : ०२ ■ २०८३ वैशाख ०६ गते आइतबार ■ Sunday, 19 Apr. 2026 ■ मूल्य रू. ७।-

**सम्पदा जोगाऔं, पहिचान बचाऔं...**

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुऱ्याऔं।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं ।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।
- पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
- पुराना सम्पदाहरूको मर्मत सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।

*सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## तामाङ् बने उत्कृष्ट प्रहरी

**दमक**/वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक (इन्स्पेक्टर) मोतिलाल योञ्जन तामाङ २०८२ साल चैत्र महिनाको 'सर्वोत्कृष्ट प्रहरी' घोषित भएका छन् । लागू औषध नियन्त्रणका लागि सञ्चालित 'अपरेसन ब्राउन' मा पाएको उल्लेख्य सफलता र क्षतिग्रस्त भौतिक संरचनाको पुर्ननिर्माणमा पुऱ्याएको कुशल नेतृत्वका कारण उनी उत्कृष्ट घोषित भएका हुन् । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले विभागीय मूल्य-मान्यता र आदेश-निर्देशनलाई उच्च मनोबलका साथ पालना गरी व्यावसायिक इमानदारिता प्रदर्शन गरेको भन्दै निरीक्षक तामाङलाई यो सम्मान प्रदान बाँकी ४ पेजमा ▸▸

## चितुवाको आक्रमणबाट घाईते

**ईलाम**/ इलामको सन्दकपुर गाउँपालिका-१, आलुबारीमा चितुवाको आक्रमणबाट दुई जना घाइते भएका छन् । चितुवाको आक्रमणबाट आलुबारीका ४२ वर्षीय धनबहादुर राई र ४० वर्षीय प्रेम राई घाइते हुनुभएको हो । शनिबार बिहान ११ बजे चितुवाले आक्रमण गर्दा दुबै जनाको अनुहार र टाउकोमा चोट गालेको छ । चितुवाको आक्रमण पछि सो क्षेत्रमा बन्दुके प्रहरी चौकीबाट प्रहरी खटाइएको छ ।

## हात्तीले मकैबालीमा क्षति

**भद्रपुर**/ झापाको भद्रपुरमा जङ्गली हात्तीले स्थानीय किसानहरूको मकैबालीमा क्षति पुऱ्याएको छ । शुक्रबार राती भद्रपुर नगरपालिका-३, रङ्गेडाँडास्थित कालिका मन्दिर सामुदायिक वनबाट आएको जङ्गली हात्तीले वडा नं. ४ का स्थानीय हीरालाल राइ लगायतका किसानले लगाएको मकैबाली नष्ट पारेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता खगेन्द्रबहादुर खड्काका अनुसार राईले लगाएको करिब १० कट्ठा जमिनमा लगाइएको मकैबाली हात्तीले खाएर तथा कुल्चिएर नष्ट गरेको छ । यसबाट करिब एक लाख रुपियाँ बराबरको क्षति भएको पाइएको खड्काले जानकारी दिए ।

### देउवा पक्षले अदालत र निर्वाचन परिणाम मानेन

# झनै बल्झियो कांग्रेभित्रको विवाद

✍ जनज्योति समाचार

**दमक**/ गत पुषमा भएको नेपाली कांग्रेसको विशेष महाधिवेशनले तत्कालिन सभापति शेरबहादुर देउवालाई सर्वोच्च नेतृत्वबाट बिस्थापन गऱ्यो । महाधिवेशनबाट तेश्रो पुस्ताका युवाहरुको नेतृत्वमा नयाँ नेतृत्व चयन भयो र गगन थापा सभापति बने । तर यस कुरालाई देउवासहितको तत्कालिन संस्थापनले स्वीकारेन । देउवा पक्ष कानूनी उपचारमा गयो । तर अदालतबाट पनि फैसला देउवा पक्षको नेतृत्व गर्ने पूर्णबहादुर खड्कासहितका नेताहरुको पक्षमा आएन । आन्तरिक जनमत र कानूनले पनि थापा नेतृत्वको कांग्रेसलाई अनुमोदन गऱ्यो ।

विशेष महाधिवेशन र अदालतबाट पनि बडारिएको पक्ष भने अझै चुप लागेको छैन । उसले महाधिवेशन र अदालतको फैसला दुवै नमान्ने अडान कायमै राखेको छ । सर्वोच्च अदालतले नेपाली कांग्रेसको आधिकारिकतासम्बन्धी विवादमा विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगन थापाको पक्षमा फैसला गरेको थियो । शुक्रबार न्यायाधीशद्वय शारङ्गा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले थापा नेतृत्वका कार्यसमितिको पक्षमा फैसला गरेको हो । यस अघि विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वको कमिटीलाई निर्वाचन आयोगले मान्यता दिएपछि शेर बहादुर देउवा र पूर्णबहादुर खड्का माघ ४ गते सर्वोच्चमा रिट लिएर पुगेका थिए ।

जेनजी आन्दोलन पछि देश बाहिर गएका सभापति देउवाले उत्तराधिकार खड्कामा सुम्पिएका थिए । खड्का पक्षधरले शुरुमा विशेष महाधिवेशननै स्विारेको थिएन तर भयो । महाधिवेशन भए पनि गगनलाई मान्ने पक्षमा थिएन तर भयो । उनीहरु कानूनी उपचारमा गए र थापा पक्षधरलाई अस्विकृत गर्न माग गरे तर त्यो भएन । अझै पनि पनि फैसला नमानि रहेको पक्ष अब के गर्छ ? कांग्रेसकै लागि पनि चासो र चिन्ताको विषय बनेको छ ।

**नमान्ने अडान कायमै**

विशेष महाधिवेशनबाट कार्यकर्ता र सर्वोच्च अदालतबाट कानूनले अनुमोदन गरे पनि पार्टी सभापतिमा गगन थापा र उनी नेतृत्वको टीमलाई नमान्ने इतर पक्षको अडान कायमै छ । कांग्रेस नेता विमलेन्द्र निधिले सर्वोच्च अदालतले कांग्रेस विवादसम्बन्धी रिटमा दिएको फैसलालाई आफूले स्वीकार नगर्ने बताएका छन् । उनले आफु हिजो पनि विशेष महाधिवेशनको पक्षमा नभएको र आज पनि नभएको भन्दै विशेष महाधिवेशनले नेतृत्व स्वम् घोषणा गरिएको भन्दै नमान्ने तर्क गरेका छन् ।

यस्तै देउवाको बिरासत थाम्ने बाटोमा अघि बढेका नेता पूर्णबहादुर खड्का आन्तरिक परामर्शमा जुटेका छन् । सर्वोच्च अदालतले पार्टीको आधिकारिता सम्बन्धी दायर रिट खारेज गरेपछि उनी निकटस्थ नेताहरूसँग आन्तरिक परामर्शमा जुटेका हुन् । काठमाडौं बाँकी ४ पेजमा ▸▸

# सार्वजनिक यातायातमा यात्रुमाथि दुर्व्यभार

**दमक**/ केहि समययता झापाको दमक र आसपासको क्षेत्रमा सार्वजनिक यातायातमा यात्रुहरु माथि हुने दुर्व्यभार बढेको छ । दुर्व्यभारकै कारण यात्रुहरु दुर्घटनामा समेत पर्ने थालेका छन् ।

छोटो दूरीका यात्रुलाई बसमा नचढाउने, लामो दूरीका यात्रु तानातान गर्ने र अभद्र व्यवहार गर्ने जस्ता घटना निरन्तर भइरहेका छन् । शनिबार बिहान ९:३० बजे कमल गाउँपालिका-५ पाडाजुङगी चोक स्थित पूर्व-पश्चिम लोकमार्गमा भएको सवारी दुर्घटनाको बिषयलाई लिएर प्रहरीले अनुसन्धान शुरु गरिसकेको जनाएको छ ।

काकडभिट्टाबाट दमकतर्फ जाँदै गरेको यात्रुबाहक बसले टाढाको यात्रुलाई तानेर हालेपनि दमकका यात्रुलाई पनि धकेल्दै चढाउन नमान्दा दुर्घटना भएको प्रत्यक्षदर्शीले बताएका छन् । सहचालकले नजिकका यात्रु चढ्न लागेको भन्दै ३५ वर्षीय निर्मल कार्कीलाई चढ्न नदिइ ठेलेको जनाईएको छ । यात्रु कार्कीलाई ठेलेर बस अगाडि बढ्दा कार्की लडेर लड्दा बसको चक्काले एउटा खुट्टा किचेको छ । घाईते भएका उनलाई अस्पताल भर्ना गरिएको छ ।

यसैगरी शुक्रबार दमक बसपार्कबाट पूर्वतर्फ जाँदै गरेको अर्को बसले यात्रु चढाउन इन्कार गरेको यात्रुको गुनासो छ । चढिसकेका यात्रुलाई ओरालेको घटनाको बिषयमा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय दमकमा मौखिक उजुरी परेपछि जरिवाना गरिएको जनाईएको छ । सो बसले दमकबाट पूर्वतर्फ जाने यात्रु चढाउन इन्कार गरेको बताईयो । उक्त बसले दुधे-धरमपुर र डुडामारी जाने यात्रुहरूलाईसमेत ओरालेर दूर्ब्यवहार गरेको यात्रुको गुनासो छ ।

त्यसैगरी अर्को बसले समेत पश्चिमतर्फ जाने छोटो दुरी यात्रुहरूलाई पनि बीचमै ओरालेको यात्रुहरुले बताएका छन् । इलाका प्रहरी कार्यालय दमकका प्रमुख किशोर लम्सालले भने दूर्ब्यवहारका घटनाहरुको बिषयमा अनुसन्धान शुरु गरिएको बताएका छन् । एउटा सार्वजनिक बसलाई जरिवानासहित सचेत गराईएको पनि उनले जानकारी दिए ।

# रानी नाकामा नियम पालना भएन

**बिराटनगर**/ सरकारले सीमा नाकामा राजस्व चुहावट रोक्न 'कडाइ' गरेको दाबी गरिरहँदा रानी नाकाबाट विराटनगरको रानी नाकाबाट भने उपभोक्तालाई केही सहज देखिएको छ ।

ग्रामीण क्षेत्रका छोटी भन्सार नाकामा सशस्त्र प्रहरीले १०० रुपियाँभन्दा बढीको सामान ल्याए भन्सार तिर्न माइकिङ गरिरहेको देखिन्छ । सामाजिक सञ्जालमा यस्ता भिडियोहरू भाइरल भए पनि मूख्य नाका रानीमा भने अवस्था उस्तै छ । इटहरी र सोभन्दा टाढाका सहरबाट पनि दैनिक हजारौं उपभोक्ता जोगबनी पुगिरहेका छन् । मोरङ उद्योग व्यापार संघको अध्ययनअनुसार हरेक दिन विराटनगर हुँदै जोगबनी पुग्ने नेपालीले कम्तिमा ५ करोड रुपियाँ बराबरको किनमेल गरेर नेपाली मुद्रा भारत लैजाने गरेका छन् ।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कटेलले नाकामा कडाइ गरिएको बताएका छन् । घरायसी सामान ल्याउने र व्यावसायिक प्रयोजनका लागि ल्याउनेलाई छुट्याएर हेर्न भन्सारलाई निर्देशन दिइएको उनको भनाई छ । पछिल्लो समय प्रहरी र सशस्त्र प्रहरीले व्यावसायिक रूपमा हुने तस्करी र 'क्यारिङ' लाई रोक्न बरामद गर्नेक्रम बढाएको छ । अवैध आयात पूर्ण रूपमा रोकिएको भने छैन ।

झापाको गौरीगञ्ज, मोरङको बरडंगा, रंगेली आदि क्षेत्र छोटी भन्सार क्षेत्र र नाकातिर सशस्त्र प्रहरी र भन्सार प्रशासनले १०० रुपियाँभन्दा बढीको सामानमा भन्सार तिर्नुपर्ने उर्दी जारी गरेका छन् । उनीहरुले दिनहुँजसो माइकिङ गरेर उपभोक्तालाई सचेत बनाइरहेका छन् । नेपाली बजारको चरम महँगीले आहात भएका उपभोक्ताहरू सरकारी निर्देशनलाई चुनौती दिँदै भारतीय बजार जोगबनीतिर ओइरिनेक्रम रोकिएको छैन । विराटनगरको बजारको तुलनामा सीमापारीको जोगबनीमा नेपाली उपभोक्ताको चाप बढी छ । नेपाली र भारतीय बजारबिचको मूल्यमा हुने अन्तरका कारण उपभोक्ताहरु जोखिम लिएरै सीमावर्ती भारतीय बजार पुग्ने गरेका छन् । ग्रामीण क्षेत्रको छोटी भन्सार नाकामाजस्तो विराटनगरको रानी नाकामा सुरक्षाकर्मीले त्यति धेरै कडाइ पनि गरेको छैन । दैनिक उपभोग्यवस्तु चिनी, तेल र दालदेखि लत्ता कपडासम्मको मूल्यमा जोगबनी र विराटनगरबिच अन्तर छ । जसका कारण उपभोक्ताहरु सीमावर्ती बजार नै पुग्न बाँकी ४ पेजमा ▸▸

# स्थानीय तहको पुनरावलोकन शुरु

**दमक**/ स्थानीय तहको पुनरावलोनको प्रकृया शुरु भएको छ । यसका लागि सरकारले गाउँपालिका, नगरपालिका र वडाहरूको सङ्ख्या तथा सिमाना हेरफेर गर्ने प्रक्रियालाई व्यवस्थित बनाउन नयाँ मापदण्डको मस्यौदा तयार पारेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको 'गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सीमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३' को प्रारम्भिक मस्यौदामा यसको स्पष्ट प्रक्रिया तोकिएको छ । कुनै पनि स्थानीय तह वा वडाको सिमाना र सङ्ख्या परिवर्तन गर्न वा दुईवटा पालिका गाभ्न मुख्यतया चारवटा चरणहरू पार गर्नुपर्ने प्रस्ताव मस्यौदामा गरिएको छ ।

जस अनुसार जिल्लास्तरमा अध्ययन समिति गठन र प्रतिवेदन सबैभन्दा पहिले, सिमाना वा सङ्ख्या हेरफेर गर्न आवश्यक छ वा छैन भनेर अध्ययन गर्न जिल्लामा एउटा समिति बन्नेछ । जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा बन्ने यो समितिमा सम्बन्धित पालिकाका उपप्रमुख, नापी र मालपोत कार्यालयका प्रमुखसँगै जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत लगायत रहनेछन् । यो समितिले जनसङ्ख्या, भूगोल, सुविधा लगायतका आधारमा अध्ययन गरी तीन महिनाभित्र सम्बन्धित स्थानीय तहलाई प्रतिवेदन बुझाउनुपर्नेछ ।

यस्तै पालिकाको सभाबाट दुई तिहाइले पारित गर्नुपर्ने समितिले अध्ययन प्रतिवेदन दिइसकेपछि, सिमाना वा सङ्ख्या हेरफेर गर्ने प्रस्तावलाई सम्बन्धित गाउँसभा वा नगरसभामा लगिनेछ । उक्त प्रस्ताव पास हुनका लागि सभामा तत्काल कायम रहेका कुल सदस्य सङ्ख्याको दुई तिहाइ (२/३) बहुमत आवश्यक पर्छ । दुई तिहाइले पारित गरेपछि मात्र उक्त प्रस्ताव प्रदेश सरकारसमक्ष पठाइनेछ ।

यसैगरी स्थानीय तहबाट दुई तिहाइले पारित भएर आएको प्रस्ताव प्रदेश सरकारले अध्ययन गर्नेछ । यदि उक्त प्रस्तावमा तोकिएका मापदण्ड र आधारहरू पूरा भएको देखिएमा, प्रदेश सरकारले निर्णयसहित सङ्घीय मामिला मन्त्रालयमार्फत केन्द्र सरकार ( नेपाल सरकार) लाई सिफारिस गरेर पठाउनेछ भने प्रदेश सरकारबाट सिफारिस भएर आएपछि सङ्घीय मामिला मन्त्रालयले त्यसको अध्ययन गर्नेछ । अन्त्यमा, मन्त्रालयले उक्त सिमाना वा सङ्ख्या हेरफेरको प्रस्तावलाई अन्तिम स्वीकृतिका लागि नेपाल सरकारको मन्त्रिपरिषद् (क्याबिनेट) बैठकमा पेस गर्नेछ । मन्त्रिपरिषद्ले पास गरेपछि मात्र सिमाना वा सङ्ख्या हेरफेरको निर्णय लागु हुनेछ ।

## *मरेको कुखरा खाँदा दुईको मृत्यु*

***कैलाली**/ कैलालीमा मरेको कुखुराको मासु खाँदा एकै घरका दुई बालकको मृत्यु भएको छ। घटनामा घर मुली महिला र उनका अर्का छोरा पनि गम्भीर बिरामी परेका छन्।*

*चुरे गाउँपालिका-३ भक्तपुर निवासी राधिका ताम्राकारका छोराहरू ५ वर्षीय दीपक ताम्राकार र ८ वर्षीय भीम ताम्राकारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ । शुक्रबार मरेको कुखुराको मासु खाएपछि गम्भीर बिरामी परेका उनीहरूको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा उपचारको क्रममा आज बिहान मृत्यु भएको प्रहरी निरीक्षक कैलाश विष्टले जानकारी दिए । मृतक बालककी आमा २८ वर्षीया आमा राधिका ताम्राकार र उनका ३ वर्षीय अर्का छोरा दिपेश ताम्राकार गम्भीर बिरामी परेका छन् । उनीहरूको अहिले सेती प्रादेशिक अस्पतालमै उपचार जारी रहेको प्रहरीले जनाएको छ ।*

# ओली डिस्चार्ज

***काठमाडौं**/ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली २१ दिनपछि त्रिवि शिक्षण अस्पतालबाट डिस्चार्ज भएका छन् । पत्थरीको शल्यक्रिया भएको ६ दिनपछि शनिबार साँझ उनी अस्पतालबाट डिस्चार्ज भएर भक्तपुरको गुण्डुस्थित निवास गएको उनको सचिवालयले जनाएको छ । गौरीबहादुर कार्की आयोगको प्रतिवेदनका आधारमा जेनजी आन्दोलनका घटनामा अनुसन्धान गर्न भन्दै प्रहरीले चैत १४ गते ओलीलाई पक्राउ गरेको थियो । पक्राउपछि काठमाडौं प्रहरीले उनलाई सोही दिन स्वास्थ्य जाँचका लागि त्रिवि शिक्षण अस्पताल लगिएको थियो । जहाँ स्वास्थ्यमा समस्या देखिएपछि उनी अस्पताल भर्ना भएका थिए । प्रहरीले अस्पतालमै हिरासतमा राखेर उनीमाथि अनुसन्धान अघि बढाएको थियो ।*

# पानी होईन बिलमात्र आउने धारा

**बिराटनगर**/ विराटनगर महानगरपालिका-६, सरोचियाका बासिन्दाको घरका धारामा पानी आउँदैन । तर मासिक रुपमा बिल भने आई रहेको छ । स्थानीयका अनुसार धाराको मासिक रूपमा न्यूनतम महसुल बुझाउनुपर्ने बिल आइरहेको छ तर सात वर्षयता धारामा पानी भने थोपो झरेको छैन । स्थानीय असरद हुसैनका अनुसार नेपाल खानेपानी संस्थान अन्तर्गत जोडिएको धाराको पाईप भएको ठाउँमा २०७६ सालमासडक मर्मत भएको थियो । त्यस क्रममा पानीको पाइप टुट्यो । १० घरका लागि जडान भएको पाइप सडक निर्माणका क्रममा टुटेपछि पुनः जडान भएको छैन । सात वर्षसम्म पानी आपूर्ति प्रणाली मिलाउन नसकेको नेपाल खानेपानी संस्थान, विराटनगर कार्यालयले मासिक रूपमा न्यूनतम ११० रुपियाँको बिल भने घर घरमा पठाइरहेको छ । हर्जानाका डरले पानी पिउन नपाए पनि पैसा बुझाउनुपर्ने बाध्यता रहेको हुसैन बताउँछन् । बाँकी ४ पेजमा ▸▸



**ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५ ) दाँतको OPD सेवा ।

**आवद्ध डाक्टरहरू**

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)



**नव वर्ष २०८३**
**को हार्दिक मंगलमय शुभकामना**

**नव वर्ष २०८३** सालको शुभ अवसरमा सेवाग्राही, कृषक, देश-विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**नगेन्द्र बहादुर डाँगी**
(प्रोप्राइटर)
**कोपिलाडाँगी बहुउद्देश्यीय कषि फर्म**
गौरादह-६, झापा

सम्पादक/प्रकाशक : गञ्जबहादुर दाहाल
ले-आउट : सुरेन बस्नेत
मुद्रक : अमरज्योति अफसेट, प्रेस, दमक- ११
कार्यालय : दमक-५ फोन:५८०२७२

# प्रकाशकीय

## बेलैमा ध्यान दिऊ

नेपालका खोलानाला प्रायः तेजगतिका छन् । पहाडबाट तीव्र गतिमा बग्ने पानीले ठूलो परिमाणमा माटो र ढुंगा बगाएर ल्याउँछ, जसले तलतिरका बस्ती र कृषि जमिनमा कटान तथा डुबानको समस्या सिर्जना गर्छ । विशेषगरी कोशी, नारायणी, कर्णाली जस्ता ठूला नदीहरु मात्र होइन, साना खोल्साखोल्सीहरुले पनि वर्षायाममा विकराल रुप लिने गरेका छन् । खोलाको धार परिवर्तन हुनु, तटबन्ध भत्किनु र नयाँ ठाउँमा कटान सुरू हुनु जस्ता समस्याले हजारौं परिवार प्रतिवर्ष प्रभावित हुने गरेका छन् ।

गत वर्षको बाढीले क्षति पुऱ्याएका धेरै बस्तीहरु अझै पूर्ण रुपमा पुनर्स्थापित हुन सकेका छैनन् । घरबार गुमाएका नागरिकहरु अस्थायी आश्रयमा बस्न बाध्य छन् । उनीहरुलाई सरकारले दिने भनेको राहत ढिलो हुनु, पुनर्निर्माणका कामहरु समयमै अघि नबढ्नु जस्ता कारणले पीडितहरु अझै निराश र त्रासमा छन् । यसले राज्यप्रतिको विश्वासमा समेत असर पार्ने देखिन्छ । राहत वितरणमा पारदर्शिता, प्रभावकारिता र शीघ्रता नहुँदा वास्तविक पीडितसम्म सहयोग पुग्न ढिलाइ भएको स्पष्ट देखिन्छ ।

वर्षायाममा सडक सञ्जाल पनि उत्तिकै जोखिममा पर्छ । पहाडी क्षेत्रमा पहिरो जाने, सडक भासिने र पुलहरु क्षतिग्रस्त हुने समस्याले यातायात अवरूद्ध हुने गर्छ । यसले दैनिक जनजीवन मात्र होइन, आर्थिक गतिविधिमा पनि गम्भीर असर पार्छ । खाद्यान्न, औषधि र अत्यावश्यक सामग्रीको आपूर्ति प्रभावित हुँदा दुर्गम क्षेत्रका नागरिकहरु थप समस्यामा पर्छन् । तराई क्षेत्रमा भने डुबानका कारण सडकहरु लामो समयसम्म सञ्चालन हुन नसक्ने अवस्था सिर्जना हुन्छ ।

यी सबै समस्याहरु वर्षेनी दोहोरिनुमा दीर्घकालीन योजना र प्रभावकारी कार्यान्वयनको अभाव प्रमुख कारण हो। बाढी तथा पहिरो नियन्त्रणका लागि वैज्ञानिक अध्ययनमा आधारित पूर्वाधार विकास, नदी व्यवस्थापन, तटबन्ध सुदृढीकरण, र वन संरक्षण जस्ता उपायहरु प्रभावकारी रुपमा लागू गर्न जरूरी छ । साथै, जोखिमयुक्त बस्तीहरुको पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्छ ।

सरकारले केवल विपद् आएपछि राहत दिने दृष्टिकोणबाट अघि बढ्नु पर्याप्त हुँदैन । विपद् व्यवस्थापनलाई पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापनाको समग्र चक्रको रुपमा लिनुपर्छ। समयमै मौसम पूर्वानुमान प्रणालीलाई सुदृढ बनाउने, स्थानीय तहलाई स्रोत र क्षमता सम्पन्न बनाउने, र समुदायस्तरमा जनचेतना अभिवृद्धि गर्ने काम अत्यन्त आवश्यक छ ।

वर्षायाम नेपालका लागि अवसर र चुनौती दुवै हो । पानी स्रोतको सदुपयोग गर्दै जोखिम न्यूनीकरण गर्न सकेमा यो समृद्धिको आधार बन्न सक्छ । तर, तयारी र व्यवस्थापन कमजोर भएमा यही वर्षा विनाशको कारण बन्नेछ । वर्षायाम सुरू हुनै लागेकाले अब ढिला नगरी सरकार, स्थानीय तह र सम्पूर्ण सरोकारवालाहरुले समन्वयात्मक रुपमा काम गर्नु अपरिहार्य छ । जनताको जीवन र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्नु राज्यको पहिलो दायित्व हो, र त्यसतर्फ गम्भीर पहल हुनैपर्छ ।

## हिमालहरुका बारेमा जानकारी

संसारको सर्वोच्च शिखर सगरमाथाका बारेमा त धेरैलाई थाहै छ। त्यसैले यहाँ त्यस बाहेकका अन्य केहि उच्च शिखरहरुका बारेमा जानकारी दिईएको छ। कञ्चनजंघा विश्वको तेस्रो अग्लो तथा नेपालको दोस्रो अग्लो हिमाल कञ्चनजंघा हो । यसको उचाइ ८ हजार ५ सय ८६ मिटर छ। यो ताप्लेजुङ्ग जिल्लामा पर्छ। पहिलो पटक सन् १९५५, मे २५ मा ब्रिटिश नागरिक जि ब्याण्ड र जे ब्राउनले यो हिमाल आरोहण गरेका थिए ।

**लोत्से** : विश्वको चौथो अग्लो हिमाल हो लोत्से । यो ८ हजार ५ सय १६ मिटर अग्लो छ। सोलुखुम्बु जिल्लामा पर्ने यो हिमाल महालंगुर हिमश्रृंखलामा पर्दछ।

**मकालु** : विश्वको पाचौं अग्लो हिमाल हो मकालु । यो ८ हजार ४ सय ६३ मिटर अग्लो छ। संखुवासभामा रहेको यो हिमाल पदयात्राका हिसाबले जति प्रख्यात हुनुपर्ने हो त्यति हुन सकेको छैन। पुर्वाधारको हिसावले पनि यो हिमाल निकै पछाडी रहेको छ। पहिलोपटक फ्रेन्चका जे कोजी र एल टेरीले यो हिमाल आरोहण गरेका थिए ।

**चोयु** : विश्वको छैठौं अग्लो हिमाल हो चोयु । सोलुखुम्बु जिल्लामा पर्ने यो हिमाल ८ हजार २ सय १ मिटरको छ। सन् १९५४ अक्टोबर १९ मा अष्ट्रियन एच टीचे र नेपालका पासाङ दावा लामाले सो हिमाल आरोहण गरेका थिए।

**धौलागिरी** : विश्वको सातौं अग्लो हिमाल हो धौलागिरी । यो विश्वको उत्कृष्ट अन्नपूर्ण पदमार्ग क्षेत्रभित्र पर्छ। ८ हजार १ सय ६७ मिटर उचाई भएको धौलागिरी हिमाल सर्वप्रथम स्वीस नागरिक के डिमब्रेगर र ए सेलब्रटले आरोहण गरेका थिए । यो मनाङ्ग र मुस्ताङ्ग जिल्लामा पर्दछ ।

**मनास्लु** : मनास्लु विश्वको आठौं अग्लो हिमाल हो। यो गोरखा जिल्लामा पर्छ। समुद्री सतहबाट ८ हजार १ सय ६३ मिटर अग्लो यो हिमाल सन् १९५६ मे ९ मा जापानका टी इमानिस र नेपालका ग्याल्सेन नोर्बुले पहिलोपटक आरोहण गरेका थिए।

**अन्नपूर्ण** : अन्नपूर्ण हिमाल विश्वको दशौं अग्लो हिमाल हो। यो पदयात्राका लागि विश्वभर प्रख्यात छ। समुद्री सतहबाट ८ हजार ९१ मिटर अग्लो यो हिमाल पहिलोपटक सन् १९६० जुन ३ मा फ्रेञ्च नागरिक एम हेरजोग र एल ल्याचनेलले आरोहण गरेका थिए।

# कृषि क्षेत्रले चाहेको विकास



कृष्णप्रसाद लामिछाने

> जबसम्म कृषिलाई कम प्राथमिकताको पेसा भनेर हेर्ने मानसिकता परिवर्तन हुँदैन तबसम्म वास्तविक परिवर्तन सम्भव हुँदैन। किसान केवल उत्पादनकर्ता होइन, राष्ट्रको जीवनदाता हो-

नेपाल कृषि प्रधान देश हो। यो भनाइ केवल पाठ्यपुस्तकको वाक्य होइन, समाजको वास्तविक अनुहार हो। देशका ६० प्रतिशतभन्दा बढी नागरिक प्रत्यक्ष रूपमा कृषि पेसामा आबद्ध छन्। कुल गार्हस्थ उत्पादनमा करिब २४ प्रतिशत योगदान यसै क्षेत्रबाट आउँछ। पुर्खौंदेखि निरन्तर अभ्यासमा रहेको यो पेसाले नेपाली किसानलाई औपचारिक तालिमबिना पनि अनुभवजन्य दक्षता प्रदान गरेको छ। उर्वर माटो, विविध हावापानी, प्रशस्त जलस्रोत र बहुआयामिक भूगोलले नेपाललाई कृषि उत्पादनका लागि सम्भावनाले भरिएको देश बनाएको छ। यही सम्भावनाको भूमिमा आज निराशाको बिउ उम्रिँदै गएको छ। यसको प्रत्यक्ष असर किसानको अनुहारमा देखिन्छ। जब किसान रोइरहेको बेला देश हाँसिरहन सक्दैन।

नेपालको कृषि प्रणाली अझै पनि परम्परागत र जीवन निर्वाहमुखी छ। अधिकांश किसानले उत्पादनलाई बजारसँग जोड्नेभन्दा पनि परिवारको आवश्यकतामा केन्द्रित खेती गर्दै आएका छन्। आधुनिक प्रविधि, उन्नत बिउ, मल व्यवस्थापन, यान्त्रिकीकरण र वैज्ञानिक कृषि पद्धतिमा पहुँच सीमित छ। उत्पादन लागत उच्च र उत्पादनको मात्रा तथा गुणस्तर अपेक्षाभन्दा कम हुन्छ। मेहनतको तुलनामा आम्दानी न्यून हुँदा किसानमा निराशा स्वाभाविक रूपमा बढ्दै जान्छ। यस्तो अवस्थाले कृषिलाई पेसा होइन, बाध्यता जस्तो बनाइदिएको छ। कृषिमा देखिएको यो निराशाको अर्को कारण बजार संरचनाको कमजोरी हो। किसानले उत्पादन त गर्छ तर त्यसको उचित मूल्य पाउँदैन। बिचौलियाको प्रभाव, भण्डारणको अभाव, प्रशोधन उद्योगको कमी र बजार पहुँचको असमानताले गर्दा किसानको पसिनाको मूल्य घटाइदिन्छ। कहिले उत्पादन बढी हुँदा मूल्य घटेर बाली खेतमै सड्न पुग्छ, त कहिले उत्पादन कम हुँदा उपभोक्ताले महँगो मूल्य तिर्न बाध्य हुन्छन्। यसले किसान र उपभोक्ता दुवैलाई घाटा हुन्छ भने बिचौलिया मात्र फाइदामा रहन्छन्। यस्तो विकृत संरचनाले कृषिप्रति भरोसा कमजोर बनाउँदै लगेको छ।

विडम्बना त कृषिप्रधान देश नेपालले दैनिक उपभोगका अत्यावश्यक वस्तु- तरकारी, फलफूल, दुध तथा मासुजन्य पदार्थसमेत ठुलो परिमाणमा आयात गरिरहेको छ। यो केवल आर्थिक समस्या होइन, आत्मनिर्भरतामाथिको गम्भीर प्रश्न पनि हो। आयातमा निर्भरता बढ्दै जाँदा वैदेशिक व्यापार घाटा झन् चुलिन्छ। राष्ट्रिय अर्थतन्त्र कमजोर बन्दै जान्छ। जुन माटोले आफ्नै जनतालाई खुवाउन सक्छ, त्यही माटो बाँझो बस्नु र विदेशी उत्पादनमा निर्भर हुनु विकासको विडम्बनापूर्ण चित्र हो। कृषियोग्य जमिन बाँझो नेपाली कृषिक्षेत्रको अर्को चिन्ताजनक पक्ष हो। सहरतिरको आकर्षण, रोजगारीको अभाव र विदेश पलायनका कारण गाउँ रित्तिँदै छन्। युवा शक्ति खेतबारी छोडेर बिदेसिन थालेपछि खेतीयोग्य जमिन झाडीमा परिणत हुँदै गएका छन्। यसले केवल उत्पादन घटाएको छैन, ग्रामीण सामाजिक संरचनामा पनि गहिरो असर पारेको छ। गाउँको जीवनशैली, परम्परा र सामुदायिक सम्बन्ध क्रमशः कमजोर बन्दै गएका छन्। कृषि केवल आर्थिक क्रियाकलाप होइन, यो हाम्रो सांस्कृतिक पहिचानसँग जोडिएको आधार पनि हो, जुन अहिले खस्किँदै गएको छ।

सिँचाइको अभाव पुरानो तर अझै समाधान नभएको समस्या हो। अधिकांश किसान अझै पनि वर्षामा निर्भर छन्। समयमै पानी नपर्दा खडेरीको सामना गर्नु पर्छ भने अत्यधिक वर्षा हुँदा बाढीले बाली नष्ट गर्छ। यस्तो अनिश्चितताले कृषिलाई जोखिमपूर्ण बनाएको छ। आधुनिक सिँचाइ प्रणालीको विस्तार, जलस्रोतको वैज्ञानिक व्यवस्थापन र मौसम अनुकूल खेती प्रणालीको विकासबिना कृषि क्षेत्रलाई स्थायित्व दिन सकिँदैन। कृषि बिमा र जोखिम व्यवस्थापनको अभावले किसानलाई झनै असुरक्षित बनाएको छ। बाली नष्ट भयो भने किसानसँग क्षतिपूर्ति पाउने भरपर्दो प्रणाली छैन। यसले नयाँ पुस्तालाई कृषितर्फ आकर्षित गर्न असम्भव जस्तै बनाइदिएको छ। केही उत्साहका साथ कृषिमा लागेका युवासमेत निराश भएर बिदेसिने अवस्था छ। देशभित्रै सम्भावना हुँदाहुँदै पनि त्यसको उपयोग गर्न नसक्नु हाम्रो नीतिगत कमजोरीको प्रमाण हो।

कृषि क्षेत्रको विकासबिना नेपालको समग्र विकास सम्भव छैन भन्ने यथार्थ हामीले गम्भीरतापूर्वक स्वीकार गर्नु पर्छ। उद्योग, पर्यटन वा सेवा क्षेत्र सबैको आधार अन्ततः कृषि र ग्रामीण अर्थतन्त्रमै टिकेको हुन्छ। जब किसानको क्रयशक्ति बढ्छ, तब मात्र बजार चलायमान हुन्छ। जब गाउँ समृद्ध हुन्छ, तब मात्र सहरको विकास सन्तुलित हुन्छ। कृषिलाई बेवास्ता गरेर विकासको कल्पना गर्नु भनेको जगबिना महल बनाउने प्रयास गर्नु जस्तै हो। अबको आवश्यकता स्पष्ट छ- कृषिलाई परम्परागत ढाँचाबाट बाहिर निकालेर आधुनिक, व्यावसायिक र सम्मानजनक पेसाका रूपमा स्थापित गर्नु पर्छ। यसका लागि राज्यले स्पष्ट र दीर्घकालीन कृषि नीति ल्याउनु पर्छ, जसले उत्पादनदेखि बजारसम्मको सम्पूर्ण चक्रलाई समेटोस्। सिँचाइको विस्तार, कृषि यान्त्रिकीकरण, उन्नत बिउ र मलको सहज उपलब्धता, कृषि अनुसन्धान र प्रविधिको विकासमा लगानी बढाउनु पर्छ। किसानलाई उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने प्रणाली विकास गर्नु पर्छ। न्यूनतम समर्थन मूल्य, सहकारी प्रणालीको सुदृढीकरण, भण्डारण र प्रशोधन पूर्वाधारको विकासले किसानको आम्दानी स्थिर बनाउन मद्दत गर्छ। कृषि बिमा प्रणालीलाई प्रभावकारी बनाउँदै जोखिम न्यूनीकरण गर्नु पर्छ, जसले किसानलाई आत्मविश्वासका साथ खेती गर्न प्रेरित गर्छ।

युवालाई कृषितर्फ आकर्षित गर्न विशेष कार्यक्रम आवश्यक छन्। आधुनिक प्रविधि, स्टार्टअप अवधारणा, कृषि उद्यमशीलता र डिजिटल बजार प्रणालीले कृषिलाई नयाँ पुस्ताका लागि आकर्षक बनाउन सक्छ। राज्यले उचित वातावरण सिर्जना गर्न सक्यो भने विदेश पलायन भइरहेका युवाले स्वदेशमै अवसर पाउन सक्छन्। किसानको सम्मान र कृषिको महत्वलाई समाजले पनि बुझ्नु पर्छ। जबसम्म कृषिलाई 'कम प्राथमिकताको पेसा' भनेर हेर्ने मानसिकता परिवर्तन हुँदैन तबसम्म वास्तविक परिवर्तन सम्भव हुँदैन। किसान केवल उत्पादनकर्ता होइन, राष्ट्रको जीवनदाता हो- यो चेतना प्रत्येक नागरिकमा विकसित हुन आवश्यक छ।

किसानको आँखामा आँसु छ भने देशको भविष्य उज्यालो हुन सक्दैन। विकासका ठुला नारा, भौतिक संरचनाका आकर्षक परियोजना र आर्थिक सूचकाङ्कका चम्किला तथ्याङ्कले मात्र समृद्धि सुनिश्चित गर्दैन। वास्तविक समृद्धि तब मात्र सम्भव हुन्छ, जब खेतबारी हरियाली हुन्छ, किसानको अनुहारमा मुस्कान देखिन्छ र गाउँमा जीवनको स्पन्दन हुन्छ। 'किसान रोएपछि देश हाँस्दैन' भन्ने यथार्थ राज्यले स्वीकार गर्नु पर्छ। यसलाई नीतिगत मार्गदर्शनको आधारका रूपमा लिनु पर्छ। कृषिलाई केन्द्रमा राखेर योजना बनाउने, किसानलाई सशक्त बनाउने र ग्रामीण अर्थतन्त्रलाई मजबुत बनाउने बाटोमै नेपालको दिगो विकास सम्भव छ। नत्र सम्भावनाले भरिएको यो देशले अवसर गुमाउँदै जाने छ र किसानको आँसु कहिल्यै सुक्ने छैन।

# मुक्तिनाथको सौन्दर्य र हिउँको स्पर्श

रोजीना गौतम नेपाल



चैत २१ गते शनिबार। बिहानको ठीक ५ बजे दोर्जे दाइको गाडी कृष्णभोग पार्टी प्यालेसको दैलोमा तैनाथ थियो। झोलाभ्याम्टाको तारतम्य मिलाउँदा सवा पाँच भइहाल्यो। त्यो बिहान हाम्रो परिवार महिन्द्राको स्कार्पियो चढेर यात्रामा निस्कियो। सहरको चहलपहल छाड्दै अघि बढ्दा मनमा उत्साह र कौतूहल दुवै मिसिएका थिए।

पवित्र भूमि मुक्तिनाथ पुग्ने उत्कट चाहना पहिल्यै थियो। यसपालि भने आमा-बुवाको योजनामा हाम्रो साथ रह्यो। भगवान्ले नबोलाई धार्मिक यात्रा सम्पन्न हुन्न भन्ने मिथक छ, सम्भवतः त्यो संयोग यसपालि मिलेको हुनुपर्छ। काठमाडौंबाट हिँडेको केही घण्टापछि मलेखुमा खाजा खाएर हाम्रो टोली ऐना पहरा पुग्यो। त्यहाँको शान्त वातावरण र हरियालीले थकान मेटाइदियो। केही समयको विश्रामपछि हामी पोखरातर्फ लाग्यौं।

पोखरामा खाना खाएर यात्रा पुनः अघि बढ्यो। बाटोले हामीलाई पर्वत हुँदै बागलुङ कालिका मन्दिरसम्म पुऱ्यायो। त्यहाँ पुग्दा मनमा अजीव शान्ति र श्रद्धाको अनुभूति भयो, मानौं कुनै अदृश्य शक्तिले ऊर्जा भरिदिएको छ। कालिकाको रमणीय वातावरण साँच्चै सम्मोहक थियो। त्यसपछि कुश्माको लामो पुल अवलोकन गर्दा त्यो साहसिक संरचनाले मन जित्यो।

यात्राकै क्रममा म्याग्दीको तातोपानी कुण्ड र रुप्से झरना पुग्दा प्रकृतिको अनुपम सौन्दर्यले सबैलाई मन्त्रमुग्ध बनायो। साना नानीदेखि वृद्धवृद्धासम्मले ती दृश्यलाई मोबाइलमा कैद गरे। धुलाम्मे बाटो छिचोल्दै हाम्रो टोली अन्ततः जोमसोम पुग्यो, जहाँ थकाली आतिथ्यले स्वागत गऱ्यो। जोमसोमको बजारमा सरर हावा चल्दाको बेग्लै रौनकता थियो। भोलिपल्ट हामी कागबेनी लाग्यौं। त्यहाँको चिसो सिरेटोले स्वागत गऱ्यो। कालीगण्डकी किनारमा पितृ सम्झेर तर्पण गर्दा एउटा कर्तव्य पूरा गरेको सन्तोष जाग्यो।

त्यसपछि हाम्रो गन्तव्य थियो- मुक्तिनाथ मन्दिर। बाटोमा सिमसिम पानीसँगै परेको हिउँले यात्रालाई झन् रोमाञ्चक बनायो। चारैतिर सेताम्मे हिमाल र झर्दै गरेको हिउँले बालबालिका मात्र होइन, हामीलाई पनि रोमान्चित बनायो। दुई नानीलाई घोडामा पठाएर हामी भने पैदल सिँढी चढ्न थाल्यौं। अक्सिजनको कमी भए पनि श्रद्धा र उत्साहले त्यो कठिनाइ भुलाइदियो।

मुक्तिनाथ क्षेत्रमा भारतीय धर्मावलम्बीको ठूलो उपस्थिति देखियो। कतिपयले चिसोमा पनि साष्टाङ्ग दण्डवत् गरेको दृश्यले आस्था कति बलियो हुन्छ भन्ने देखायो। १०८ धारामा स्नान गरेपछि शरीर मात्र होइन, मन पनि प्रफुल्लित भयो। मुक्तिनाथ मन्दिर हिन्दू र बौद्धमार्गीको साझा धाम मात्र नभई अनुपम प्राकृतिक सौन्दर्यले भरिएको पर्यटकीय स्थल पनि रहेछ।

त्यहाँबाट फर्कंदै गर्दा ओरालो बाटोका दृश्य झन् मनमोहक लागे। फेरि जोमसोम झरेर खाना खाएपछि हामी पोखरा फर्कियौं। बेलुका पोखरा पुगेर आराम गर्दा शरीरको सम्पूर्ण थकान मेटिएको अनुभव भयो। अर्को दिन बिहान फेवाताल, तालबाराही, विन्ध्यवासिनी र पुम्दीकोटको भ्रमण गरियो। त्यसपछि मनकामना मन्दिर पुगियो। त्यहाँको शान्त वातावरण र सिरसिरे हावाले थकित शरीरलाई पुनः ताजगी प्रदान गऱ्यो।

शरीर सञ्चो नभए पनि यात्रामा हौसला दिने बुवा-आमा र नानीहरूको सुसारेको भूमिका निर्वाह गर्ने काका-काकी हाम्रो यात्राका मूल खम्बा हुन्। उहाँहरूको उत्साहले नै यो यात्रा सफल भयो। गोरखा दरबारको अवलोकनपछि हाम्रो टोली काठमाडौं फर्कियो। यो यात्रा केवल गन्तव्यमा पुग्ने माध्यम मात्र थिएन, परिवारसँग बिताएका अमूल्य क्षण, प्रकृतिको निकटता र आस्थाको एउटा अविस्मरणीय अनुभव बन्यो।

### मुक्तिदाता मुक्तिनाथ

गण्डकी माहात्म्यमा ब्रह्माजी मुक्ति क्षेत्रमा भगवान् विष्णुको नजिक बसेको उल्लेख छ। मुक्तिनाथ मन्दिर हिन्दू र बौद्धमार्गीको साझा तीर्थस्थल रहेछ। मन्दिरको भित्री भागमा बौद्धमार्गी पुजारी र सँगै ब्राह्मण पुजारी पनि देखिन्छन्। पूजा भने वैदिक सनातन धर्मअनुसार नै हुने गरेको पाइयो।

हिन्दू र बौद्ध धर्मावलम्बी एक पटक मुक्तिनाथ पुगेमा जीवनबाट मुक्ति पाइन्छ भन्ने विश्वासका साथ संसारभरबाट यहाँ आउँछन्। मन्दिर नजिकै बौद्ध गुरु रिम्पोछेको विशाल मूर्ति छ। त्यसको वरिपरि बुद्ध र विष्णुस्वरूप मिश्रित स-साना मूर्तिहरू छन्। ती मूर्तिमा कतिपयले आ-आफ्नो नाम नै लेखाएर टाँसेका छन्। भगवान् विष्णुलाई हिन्दू धर्मावलम्बीले मुक्तिदाताका रूपमा पुज्छन्। विष्णुको अत्यन्त प्रिय क्षेत्र भएकाले यसलाई मुक्तिक्षेत्र भनिएको र यहाँ गरिने कर्मद्वारा पितृले मुक्ति पाउँछन् भन्ने अवधारणा छ। वैष्णव र शिवभक्त दुवैको यहाँ उत्तिकै आस्था देखियो। त्यहाँका गुरुका अनुसार मुक्तिनाथको प्रतिमा लक्षण र 'षडाक्षरी लोकेश्वर' को प्रतिमा लक्षणमा समानता हुनाले पनि हिन्दू र बौद्ध दुवैको तादात्म्य स्थापित भएको हो।

मुक्तिनाथलाई हिन्दूहरू भगवान् विष्णु मान्छन् भने बौद्धमार्गीहरू 'आर्यावलोकितेश्वर' भन्छन्। नाम र रूप अलग भए पनि जगतको पालन र जीवको मुक्तिको दार्शनिक चिन्तन एउटै भएकाले यो सम्बन्ध अझ बलियो भएको गुरु रिम्पोछेका शिष्यले बताए। यहाँको पुजारी परम्परा, वास्तुशैली र विभिन्न वर्ग, जात र रङका तीर्थयात्री बीचको आपसी सहिष्णुता उदाहरणीय छ। अनेक संस्कृति, भेषभूषा र भाषाका श्रद्धालु एकै ठाउँमा भेटिनु नै मुक्तिनाथको साझा महत्त्वको प्रमाण हो। पुजारीका अनुसार यहाँ विसं १९६१ देखि बाहुन पुजारी राख्न थालिएको हो। रणबहादुर शाहको मृत्युको एक महिना पनि नपुग्दै विसं १८६३ मा महारानी सुवर्णप्रभाले यहाँ आउने तीर्थालुको भोजनका लागि धर्मशाला बनाएर २ हजार ५ सय ३० मुरी माटोको गुठी राखिदिएकी थिइन्।

# पर्यावरण र वन्यजन्तु संरक्षणका लागि सम्मेलन




**खोटाङ** / लोपोन्मुख वन्यजन्तुको संरक्षण र पर्यटन प्रवर्धनमा जोड दिने उद्देश्यले जैविक विविधता तथा रेडपाण्डा - थार अन्तर्राष्ट्रिय सम्मेलन २०८३' सुरु भएको छ। जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने तथा लोपोन्मुख वन्यजन्तुको संरक्षण गर्दै पर्यटन प्रवर्धन गर्ने उद्देश्यले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा पहिलो पटक दिक्तेल बजारमा जैविक विविधता तथा रेडपाण्डा-थार अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरिएको हो ।

यस अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाल, भारत, भुटान, बङ्गलादेश, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया र जर्मनीले सहभागिता जनाएका छन् । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको मूख्य आयोजना तथा कोशी प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग काठमाडौं, वन तथा भू-संरक्षण विभाग काठमाडौं, राष्ट्रिय प्रकृति संरक्षण कोष काठमाडौं, त्रिभूवन विश्व विद्यालयको सहकार्यमा तीन दिने अन्तर्राष्ट्रिय सम्मेलन दिक्तेलमा आयोजना गरेको हो ।

जलवायु परिवर्तनको असर न्यूनीकरण तथा वन्यजन्तु संरक्षण गर्ने उद्देश्यले 'प्रथम जैविक विविधता तथा रेडपाण्डा-थार अन्तर्राष्ट्रिय सम्मेलन' आयोजना गरिएको नगरप्रमुख तीर्थराज भट्टराईले जानकारी दिए । यो सम्मेलन वैशाख ६ गते ( आज) समापन हुँदैछ । सम्मेलनमा सहभागी विभिन्न मुलुकका प्रतिनिधिले १० वटा विषयगत कार्यपत्र प्रस्तुत गर्ने कार्यसूची राखिएको नगरपालिकाले जनाएको छ। जैविक विविधता संरक्षण र दीर्घकालीन योजना निर्माण, लोपोन्मुख वन्यजन्तु संरक्षित क्षेत्र र प्राथमिकतामा राख्नुपर्ने विषयहरूको पहिचान, जैविक विविधता संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग सम्बन्धित विषयमा छलफल हुँदैछ ।

सम्मेलनको उद्धाटन कोशी प्रदेश सरकारका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुली र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा -प्रतिष्ठान (नाष्ट) का उपकुलपति डा. दिलीप सुब्बाले संयुक्त रुपमा गरेका थिए । सम्मेलनको अवसरमा दिक्तेल बजारमा ऱ्याली प्रदर्शन, विभिन्न जातजातिको सांस्कृतिक झाँकी तथा लोपोन्मुख वन्यजन्तु रेडपाण्डा संरक्षणसम्बन्धी सडक नाटक प्रदर्शन गरिएको थियो । संघीय सरकारको १०० पर्यटकीय गन्तव्य सूचीमा पर्ने 'मुन्दुम ट्रेल' पदमार्ग नजिकको जङ्गलमा रेडपाण्डा पाइने भएकाले 'मुन्दुम ट्रेल-रेडपाण्डा-थार रुट' पदमार्ग प्रवर्द्धन गर्ने नगरपालिकाको योजना छ । किरात समुदायको उद्गमस्थल हलेसीस्थित तुवाचुङ( जायजुम हुँदै मध्यपहाडी लोकमार्ग सडकखण्डको हुर्लुङदेखि रूपाकोटबाट बगरेभञ्ज्याङ, सिकुरीभञ्ज्याङ, साप्सुढाप, मेरुङ हुँदै मुन्दुम ट्रेल जोड्ने पदमार्गलाई 'मुन्दुम ट्रेल रेडपाण्डा(थार रुट' नामाकरण गरिएको छ ।

# कञ्चनजंघामा पर्यटकको चाप



**ताप्लेजुङ** / ताप्लेजुङमाअवस्थित विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजङ्घा क्षेत्रमा पर्यटकको आगमन सुरु भएको छ। मौसम अनुकूल बन्दै जाँदा आन्तरिक तथा विदेशी पर्यटकको चहलपहल बढ्न थालेको हो ।

कञ्चनजङ्घा क्षेत्र चैतको पहिलो सातादेखि जेठको तेस्रो सातासम्म भ्रमणका लागि उपयुक्त समय मानिन्छ। कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्, घुन्सा चेकपोस्टका पर्यटन सहायक टाँसीछिरिङ शेर्पाका अनुसार पछिल्लो एक महिनामा १६५ जना विदेशी पर्यटकले भ्रमण गरेका छन् । वर्षमा दुई पटक प्रमुख पर्यटकीय याम मानिन्छ । पहिलो चैतदेखि जेठसम्म र दोस्रो असोजदेखि मङ्सिरसम्म रहेको उनले जानकारी दिए ।

गत वर्ष पहिलो याममा मात्रै ७५० विदेशी पर्यटक यहाँ आएका घुन्सा चेकपोस्टले जनाएको छ। कञ्चनजङ्घा आधार शिविर पुग्न दुई प्रमुख पदमार्ग प्रयोग हुँदै आएका छन् । पाँचथरको गणेशचोक हुँदै सिरिजङ्घा गाउँपालिका भएर र काठमाडौंबाट हवाईमार्ग हुँदै सुकेटार विमानस्थल पुगेर फक्ताङलुङ गाउँपालिकाको बाटो प्रयोग गरी आधार शिविर पुग्न सकिन्छ ।

पर्यटकलाई लक्षित गर्दै कञ्चनजङ्घा पदमार्गमा सानाठूला गरी ५२ वटा होटल सञ्चालनमा रहेका कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्ले जनाएको छ ।समुद्री सतहबाट तीन हजार ५०० देखि चार हजार ५०० मिटर उचाइसम्म एक करोडभन्दा बढी लगानीमा बनेका चार होटल सञ्चालनमा रहेका घुन्सा चेकपोस्टका पर्यटन सहायक शेर्पाले जानकारी दिए। उनका अनुसार अन्य होटलहरूमा पनि करिब रु ८० लाखभन्दा बढी लगानीका छन् ।

सन् १९५५ मे २५ मा कञ्चनजङ्घाको पहिलो आरोहण भएको इतिहास छ। विगतमा फुङ्लिङबाट पैदल यात्रा गर्दा करिब २४ दिन लाग्ने यस क्षेत्रको भ्रमण अवधि अहिले छोटिएर ११ देखि १६ दिनमा दुवै आधार शिविर पुगेर फर्कन सकिन्छ । यस क्षेत्रमा चैत, वैशाख, जेठ तथा असोज, कात्तिक र मङ्सिरमा पर्यटकको चाप बढी हुने गर्दछ ।

## जानकारी

# बहुउपयोगी निम : तितो स्वाद, मिठो गुण



आयुर्वेदिक गुणले भरिपूर्ण नीम स्वास्थ्यवर्धक जडिबुटी हो । नीमको रुखका हेरक भाग औषधिका रुपमा आयुर्वेद विज्ञानमा प्रयोग गरिन्छ । यसको बोक्रा, जरा, पात आदिबाट औषधि बनाइन्छ । नीमलाई तीतो अमृतका रूपमा चिनिन्छ । नयाँ वर्ष सुरु हुन अगावै विगतका वर्षको तितोपनालाई चपाएर आउँदो वर्षको मिठासको पर्खाईलाई नीमको पात खाने चलनले बिम्बका रूपमा बुझाउँछ। आज त्यही नीमको पात खाने दिन पनि हो । नीम प्राचिनकालदेखि नै एउटा आयुर्वेदिक औषधिका रूपमा प्रयोग हुँदै आइरहेको छ। यो स्वास्थ्यको लागि धेरै किसिमले फाइदाजनक छ। नीम, हाम्रो शरीर, छाला तथा कपालका लागि अत्यन्तै फाइदाजनक औषधि हो। नीममा भएको एन्टी इन्फ्लेमेट्री तत्वले चाया, डण्डीफोर आदिलाई नियन्त्रण गर्नुका साथै यसको नियमित प्रयोगले स्पास्थ्यलाई राम्रो गर्दछ । यसको जुसले अनुहार तथा शरीरको छालाको रङ्ग निखार्नमा विशेष भूमिका खेल्ने आयुर्वेद विज्ञानमा उल्लेख छ। नीमको पातहरूको रस र शुद्ध महलाई दुई भाग नीमको रस र एक भाग मह अनुपातमा मिलाएर पिउनाले असाध्यै फाइदा गर्दछ । यसरी नीमको पात चपाउने गर्दा हाम्रो शरीरको भित्री र बाहिरी दुवै तर्फ स्वास्थ्यकर हुने जनविश्वास र प्रौराणिक मान्यता छ ।

आयुर्वेदमा नीमलाई विभिन्न रोगनाशक अत्यन्त गुणकारी औषधि मानिएको छ। नीमलाई 'औषधि बनाउने रुख'को संज्ञासमेत दिइन्छ । यो एन्टिसेप्टिक, एन्टिबायोटिक, पीडानाशक, कृमिनाशक, जीवाणुरोधी, फंगलविरोधी, चर्मरोगनाशक हुन्छ । यसका विभिन्न भागमा १ सय ४) भन्दा बढी यौगिक पाइन्छ । यसको पात, फूल, बीउ, जरा औषधीय गुणले भरपूर हुन्छन् । नीमले रोगप्रतिरोधी शक्ति बढाई सुन्नाइ कम गरेर, मुक्त कणलाई हटाएर, हामीनल गतिविधिलाई रोकेर र कोषिका विभाजनमा बाधा उत्पन्न गरेर क्यान्सरको उपचारमा सघाउछ। यस्तै एउटा अकी यसमा औलोविरुद्धको गुण हुन्छ । यसको पातले औलोविरुद्ध लडन सघाउँछ । अनुहारमा बारम्बार डन्डीफोर वा ब्ल्याकहेड हुँदा नीमको पातको प्रयोग गरे आराम मिल्छ । निमको पानीले अनुहार धुँदा यो समस्या कम हुन्छ । नीमले पसिनाको दुर्गन्ध समेत हटाउछ । शरीरको ओसिलो भागमा ब्याक्टेरिया उत्पन्न हुने गर्नाले दुर्गन्ध हुन्छ । यस्तोमा नीमको पानीले शरीर पखाल्ने वा पुछपाछ गर्ने गरे यस्तो समस्या हट्छ। यसका थुप्रै फाइदाहरु छन् । नीमलाई सहि रुपमा पहिचान गरी उपयोग गर्न सके स्वास्थ्यलाई धेरै हद स्वस्थ राख्न सकिन्छ ।

**पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड,**
दमक-८, झापा

विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।

साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।

नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।


प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

**रबर स्ट्याम्प बनाउने ठाउँ**
**बिजि स्टेशनरी एण्ड छापाखाना**
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६

## विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

# अलेक्जेण्डर ग्राहम बेल

◆ सुमित्रा सिंह



**स्कटल्याण्ड : महान् आविष्कारक**
**जन्म : सन् १८४७ मृत्यु : सन् १८२२**

अरे, यसले त कुरा पो गर्छ, बोल्छ पनि । - यति भन्नेबित्तिकै ब्राजिलका सम्राटको हातबाट हैरानीपूर्वक टेलिफोनको रिसिभर छुटेर तल झर्यो । अर्कोतर्फ अलेक्जेण्डर ग्राहम बेल बोलिरहेका थिए । यो घटना १८७६ को हो जब उनले अमेरिकाको फिलाडेल्फिया नामक नगरमा लागेको एक प्रदर्शनीमा आफ्नो नयाँ आविष्कारको प्रदर्शन गरे । यो टेलिफोन थियो । अगाडि गएर यो आविष्कारले मानव जीवनमा एक नयाँ क्रान्ति ल्याइदियो ।

बेलको जन्म स्कटल्याण्डको एडिनबरा नामक स्थानमा भएको थियो । उनका बुबा एक अध्यापक थिए । उनको प्रयत्न लाटा-बहिराहरूलाई सुन्न र बोल्नमा सहायता गर्नु थियो । रोगको कारणले बेलले १८७० मा क्यानडा जानु पर्‍यो । उनले पनि आफ्ना बुबाको जसरी नै लाटा-बहिराहरूलाई सुन्न - बोल्नमा मद्दत गर्ने काम प्रारम्भ गरे । त्यसपछि उनी अमेरिका गए र त्यहाँ पनि उनले यही कामको एक स्कुल खोले ।

बेल अतिरिक्त समयमा केही यन्त्रहरूको निर्माणमा पनि लागिरहन्थे । बोस्टनमा उनले एक यस्तो यन्त्र बनाउने प्रयत्न गरे, जसबाट तारको माध्यमले दूरीबाट अर्को व्यक्तिको आवाज सुन्न सकियोस् । जब उनी यस प्रकारको यन्त्रको निर्माणमा लागेका थिए र पटक-पटक परीक्षण गरिरहेका थिए, तब वाटसन नामक व्यक्तिले उनको सहयोग गरिरहेका थिए । परीक्षण गर्ने समयमा बेलले आफ्नो यन्त्रबाट आवाज दिँदै वाटसनलाई आफू भएको ठाउँमा बोलाए । वाटसनको लागि यो महान् प्रसन्नताको अवसर थियो । उनी दौडेर बेल भएका ठाउँमा गए र उनले आफूले आवाज सुनेको कुरा बताए । त्यसपछि बेलले आफ्नो यन्त्रलाई पेटेन्ट गराए ।

ग्राहम बेल एक कलाकार हुनुको साथ-साथै निकै दयालु स्वभावका व्यक्ति थिए । सधै मानिसहरूको सहायता गर्ने इच्छा उनको हुन्थ्यो । उनले लाटा-बहिरा व्यक्तिहरू र लाटा-बहिरा बच्चाहरूलाई बोल्न सिकाउनको लागि एक संस्थाको स्थापना गरे । १९२२ मा क्यानडामा उनको मृत्यु भयो र जब उनलाई अन्तिम संस्कार गरिदैथियो, तब उत्तरी अमेरिकाका सबै टेलिफोन-धारकहरूले उनीप्रति श्रद्धान्जलि अर्पित गर्न केही समयको लागि आफ्नो टेलिफोन बन्द राखेका थिए ।

## कला/मनोरञ्जन

# स्वस्तिमाको विशेष 'लाली बजार'

अभिनेत्री स्वस्तिमा खड्काले आगामी फिल्म 'लालीबजार'लाई आफ्नो करिअरकै विशेष रहेको बताएकी छन् । फिल्मबारे शुक्रबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले यो फिल्मलाई जीवनभर सम्झिरहने बताइन् ।

उनले भनिन्, 'मेरा लागि यो फिल्म निकै विशेष हुन्छ। धेरै वर्षपछि फर्केर हेर्दा पनि म यसलाई सधैं सम्झिरहन्छु । नतिजा जे आए पनि, यो मेरो लागि स्पेसल मोमेन्ट हो ।''लालीबजार'मा स्वस्तिमाले पश्चिम तराईको सीमान्तकृत समुदायकी महिलाको भूमिका निर्वाह गरेकी छन् । फिल्मले आमा र छोरीबीचको सम्बन्ध, संघर्ष र सामाजिक यथार्थलाई केन्द्रमा राखेको छ । विशेषगरी साहुको शोषणविरुद्ध एक आमाले छोरीका लागि गर्ने संघर्षलाई फिल्मले मार्मिक ढंगले प्रस्तुत गर्छ ।

आमाको मुख हेर्ने दिनको अवसरमा सार्वजनिक गरिएको ट्रेलरले पनि यही भावनालाई समेटेको छ । करिब तीन मिनेट लामो ट्रेलरले कथा, चरित्र र केन्द्रीय द्वन्द्वलाई स्पष्ट संकेत गर्छ । ट्रेलर हेर्दा फिल्म भावनात्मक र सामाजिक सन्देश बोकेको देखिन्छ । स्वस्तिमा भन्छिन्, 'हामीले धेरै पारिवारिक कथा भनिसकेका छौं, तर यो फिल्मको पृष्ठभूमि फरक छ। वादी समुदायको सेटअपमा आमा-छोरीको कथा देखाउँदा दर्शकलाई नयाँ अनुभव हुन सक्छ।' उनले फिल्म निर्माण टिमको काम गर्ने शैलीको पनि प्रशंसा गरिन् ।

'षट्कोण आर्ट्सले आफूलाई कमर्सियल र क्रिटिकल दुवै हिसाबले प्रमाणित गरिसकेको टिम हो । उहाँहरूसँग काम गर्दा धेरै सिक्ने मौका पाएँ,' उनले भनिन् । निर्देशक तथा लेखक यम थापाले महिलाले भोग्दै आएको श्रम र यौन शोषणलाई फिल्ममा चित्रण गरेका छन् । समाजमा जरा गाडेर बसेको सामन्ती र पितृसत्तात्मक सोचविरुद्धको आवाज फिल्मको मुख्य स्वर हो । फिल्ममा नत्थी प्रथामार्फत हुने शोषण र त्यसविरुद्ध एक आमाले गर्ने प्रतिरोधलाई कथा बनाइएको छ । रवीन्द्रसिंह बानियाँले साहुको भूमिकामा अभिनय गरेका छन् ।

# टिकटकले हटायो १९ लाख भिडीयो




टिकटकले प्रयोगकर्ताका लागि सुरक्षित डिजिटल वातावरण निर्माण गर्ने प्रतिबद्धता अनुरुप सन् २०२५ को चौंथो त्रैमासिक कम्युनिटी गाइडलाइन्स इन्फोर्समेन्ट रिपोर्ट सार्वजनिक गरेको छ ।सन् २०२५ अक्टोबरदेखि डिसेम्बरसम्मको तथ्यांक समेटिएको यस प्रतिवेदनमा कम्युनिटी गाइडलाइन्स उल्लङ्घन गर्ने कन्टेन्ट पहिचान गरी हटाउन टिकटकले अपनाएका सक्रिय कदमको विवरण प्रस्तुत गरिएको छ ।

सन् २०२५ को चौंथो त्रैमासिक अवधिमा नेपालमा मात्रै टिकटकले कम्युनिटी गाइडलाइन्स उल्लङ्घनका कारण कुल १९ लाख ३२ हजार ५७५ भिडियो हटाएको जनाएको छ। अक्टोबरदेखि डिसेम्बरसम्म सक्रिय रूपमा कन्टेन्ट हटाउने दर ९९.९% कायम रह्यो, जसमा ९८.४% भिडियो २४ घण्टाभित्र हटाइएको थियो ।

विश्वव्यापी रूपमा, यस अवधिमा टिकटकले कुल १७ करोड ५३ लाख २ हजार ८५ भिडियो हटाएको छ, जुन यस प्लेटफर्ममा अपलोड गरिएका कुल कन्टेन्टको करिब ०.५% हो। हटाइएका भिडियोमध्ये १५ करोड २५ लाख ८० हजार ९३३ भिडियो अटोमेटेड डिटेक्सन प्रविधिमार्फत पत्ता लगाई हटाइएको थियो भने ८३ लाख ६० हजार ७८० भिडियो रिभ्युपछि पुनर्स्थापना गरिएको थियो । सक्रिय हटाउने दर ९९.१% रहेकोमा ९३.४% फ्ल्याग गरिएका कन्टेन्ट पोस्ट भएको २४ घण्टाभित्र हटाइएको थियो । प्लेटफर्मको विश्वसनीयता कायम राख्न, यस अवधिमा टिकटकले १४ करोड ७७ लाख १६ हजार ५१८ नक्कली एकाउन्टहरू हटाएको छ । साथै, १३ वर्षभन्दा कम उमेरका हुन सक्ने आशंका गरिएका थप २ करोड ३८ लाख ७५ हजार ८७९ खाताहरू पनि हटाइएको थियो ।

## दैनिक राशिफल



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

आज मिति
२०८२ साल
वैशाख ०६ गते
आइतबार
19 April 2026
तिथि: द्वितीया

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | हिम्मत बढ्ने । मावलीको प्रगती । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पढाईमा सफलता । लगानीमा राम्रो चल्ने । |
| मिथुन | का कि कु घ ङ छ के को हा | पारीवारिक समस्या । खर्चमा वृद्धि । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | भाईबहिनीको सहयोग । पराक्रम बढ्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | पढाईमा सफलता । आयमा वृद्धि । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मिष्ठान्न भोजन । लगानी उठ्ने । |
| तुला | रा री रु रे रो ता ती तु ते | मातामा कष्ट । खर्च बढ्ने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मानसम्मान प्राप्ती । दाजु, काकाबाट सहयोग । |
| धनु | य यो भा भी भ धा फा ढ भे | मित्रबाट सहयोग । आर्थिक उन्नती । |
| मकर | भो जा जी खि खू खे खो गा गी | साथीभाईको प्रगती । कार्यमा सफलता । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | दुर्घटनाको भय । शत्रु बढ्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | प्रेममा सफलता । पारीवारिक सुख । |

# मासिए गोठ, हराए पाखी



**पाँचथर**/ पाँचथरका उच्च क्षेत्रमा गरिदै आएको भेडापालन अचेल हराउँदै गएको छ। भेडीगोठ मासिए पछि भेडाबाट उत्पादन हुने उनमा आधारीत हस्तकलाका समान पनि पाउन छोडीएको छ।

साठीको दशक सम्म पाँचथरको फालेलुङ र याङवाराक क्षेत्रका उच्च पहाड र हिमाली क्षेत्रमा मात्रै १० वटाभन्दा धेरै भेडीगोठ थिए। गोठमा पाँच हजारभन्दा बढी भेडा भेटिन्थे। प्राय: लेकाली खर्कहरू हजारौं भेडाका बथानले सेताम्मे हुन्थे। पछिल्ला समय खर्कमा भेडासँगै भेडीगोठको सङ्ख्या ह्वात्तै घटेको छ। कुनै समय १० वटा रहेका भेडीगोठ अहिले दुई वटामा सीमित भएका छन्। भेडाको संख्या पनि पाँच सयमा झरेको छ। पछिल्लो समय भेडामा लाग्ने रोग, चरनक्षेत्र घट्दै जानु, जङ्गली जनावरको आक्रमण र उनजन्य घरेलु उद्योग बन्द हुँदै जानु भेडापालकका मुख्य चुनौती बनेका छन्। पहिले पहिले भेडाको उनबाट राडीपाखी र लुकुनी जस्ता सामग्री तयार हुन्थे। राडीपाखी ओछ्याउन प्रयोग हुन्थे भने लुकुनी चौँरी र भेडापालकले लगाउँथे। पछिल्लो समय बजारमा उत्पादन भएका गलैंचालगायतका सामग्रीले राडीपाखी विस्थापन गर्न थालेको व्यवसायी बताउँछन्। परम्परागत सिप हस्तान्तरण नहुँदा यस्ता सामग्री बुन्ने र बनाउने परम्परागत घरेलु उद्योग पनि क्रमश: लोप हुने अवस्थामा पुगेका छन्।

भेडाको सङ्ख्या घट्दै जाँदा उनबाट तयार पारिने लुकुनी र राडीपाखी जस्ता मौलिक सामग्री पनि क्रमश: देखिन छाडेका छन्। फालेलुङ र याङवाराकका माथिल्लो भूभागलाई मुख्य वासस्थान बनाउने भेडागोठ बर्खामा इवानागी र तावानागी जस्ता हिमाली भूभागसम्म चहार्छन्। ती गोठ साउनको दोस्रो साता सिक्किम र पश्चिम बङ्गालसँग जोडिएको तीन सिमाना नजिकको गोसा क्षेत्रबाट ओरालो लाग्छन् र हिउँदभर औलो क्षेत्रमा चरेर चैत लागेपछि पुन: थातथलो उक्लिन थाल्छन्। यतिबेला तल्ला खर्कमा चर्न आएका भेडीगोठ पुन: उच्च पहाडी भूभागतिर फर्किन थालेको फालेलुङ-२ का भेडापालक धनबहादुर राईले जानकारी दिए। उनका गोठमा भने अहिले तीन सयभन्दा बढी भेडा छन्। भेडीगोठलाई जङ्गली जनावरबाट जोगाउन गोठालाले भोटे कुकुरको सहारा लिने गरेका छन्। यस वर्षको हिउँदमा फालेलुङ क्षेत्रका खुङ्गा, एकतिन, दाङलेप्पा, माङ्लेबुङ र चरी भन्ज्याङलगायतका स्थानमा भेडाले घाँस खाइसकेको भेडापालकले बताएका छन्।

## प्रविधि मार्फत सरकारी काम

**दमक**/ राष्ट्रिय परिचयपत्रको नम्बरमार्फत मतदाता नामावलीमा 'अनलाइन'बाटै नाम दर्ता गर्नेको सङ्ख्यामा वृद्धि भएको छ। निर्वाचन आयोगको केन्द्रीय कार्यालयले मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम पुन: सुरु गरेसँगै राष्ट्रिय परिचयपत्र बनाएका अधिकांश मतदाताले अनलाइनबाटै नाम दर्ता गराउन थालेको जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी दीपेन्द्र कँडेलले जानकारी दिए।

उनका अनुसार आवेदन दिएकामध्ये करिब ९० प्रतिशतले अनलाइनबाटै नाम दर्ता गरेका छन्। हालसम्म राष्ट्रिय परिचयपत्रबाट ३३५ र कार्यालयमा भौतिक रुपमा उपस्थित भएका पाँच जना गरी ४४० जनाले मतदाता नामावलीमा नाम दर्ता गरेको निर्वाचन अधिकारी कँडेलको भनाइ छ। मतदाता नामावली संकलन तथा अद्यावधिक गर्न यहाँका सबै स्थानीय तहलाई पत्राचार गरिएको छ। गत फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा जिल्लामा ३४ हजार २८० महिला मतदाता र ३७ हजार ४५९ जना पुरुष मतदाता गरी जम्मा ७१ हजार ७३९ जना मतदाता सङ्ख्या कायम रहेको थियो।

**झनै....** गोल्फुटारस्थित निवासमा नेता खड्का शनिबार बिहानैदेखि आन्तरिक छलफलमा रहेका उनीनिकट नेताहरूले जानकारी दिएका छन्। यसैगरी कांग्रेसका नेता डा.प्रकाशशरण महतले पार्टीको आधिकारिकता विवादमा सर्वोच्च अदालतबाट अपेक्षित फैसला नभएको बताएका छन्। सर्वोच्चले गगन थापा नेतृत्वको कार्यसमितिलाई नै मान्यता दिएपछि उनले यस्तो प्रतिकृया दिएका हुन्। पूर्वसभापति शेरबहादुर देउवानिकट मानिने उनले सर्वोच्चको फैसला अपेक्षा गरेजस्तो नआएको तर अदालतको फैसला मान्दिनँ भन्न नमिल्ने भएकाले अब कसरी अगाडि बढ्ने छलफलपछि थप निर्णय गर्ने बताएका छन्। उनले सर्वोच्चको फैसलापछि कानुनी लडाइँ सकिएको भएपनि राजनीतिक रूपमा बाँकी नै रहेको समेत बताएका छन्।

**विषय हारजितको होइन : गगन**

नेपाली कांग्रेसका सभापति गगन थापाले सर्वोच्च अदालतको फैसला कसैको जित-हारको विषय नभई विधि, प्रक्रिया र लोकतान्त्रिक अभ्यासको विषय भएको बताएका छन्। सर्वोच्चले आफू नेतृत्वको कार्यसमितिलाई आधिकारिकता दिएपछि पार्टीका सबैलाई एकताबद्ध बनाउँदै पार्टीलाई फेरि बलियो बनाउने साझा यात्रामा अघि बढ्ने वातावरण बनाएको बताएका छन्।

उनले भनेका छन्, 'यो कुनै जित-हारको विषय होइन, विधि, प्रक्रिया र लोकतान्त्रिक अभ्यासको विषय हो। पार्टीका सदस्य र शुभेच्छुकहरू, देशभित्र वा बाहिर जहाँ भए पनि, अब आ-आफ्नो ठाउँबाट अझ जिम्मेवारीका साथ पार्टीको एकता र पुनर्जागरणका लागि सकारात्मक भूमिका हुनेछ भन्ने मेरो विश्वास छ।'

पार्टीलाई एकताबद्ध बनाउनको लागि सभापतिको हैसियतले सबैभन्दा ठुलो जिम्मेवारी आफ्नै भएको उल्लेख गरेका छन्। उनले थपेका छन्, 'पन्ध्रौं महाधिवेशनको प्रक्रिया अगाडि बढिसकेको छ। महाधिवेशनलाई सफल पार्दै पार्टीलाई रूपान्तरण र सुदृढ बनाउने अवसरका रूपमा उपयोग गरौं। अग्रजहरूको योगदानको सम्मान गर्दै, नयाँ पुस्ताको आकाङ्क्षा सम्बोधन गर्न सक्ने र समुन्नत नेपाल बनाउन योगदान दिन सक्ने पार्टी बनाउन अब हामी सबै एक ढिक्का भएर अघि बढौं।'

**रानी......** गरेका छन्। नेपाली बजारको तुलनामा जोगबनीमा खानेतेल प्रतिलिटर झन्डै १०० रुपियाँ सस्तो पर्छ भने चिनीमा प्रतिकिलो ३० रुपियाँसम्म बचत हुन्छ। महँगीले आजित भएका उपभोक्ताका लागि यो बचत ठुलो राहत हुने भएका कारण जोगवनीमा भिड लागेको हो।

**तामाङ....** गरेको हो। चैत्र महिनाभित्र मात्रै लागू औषध कारोबारमा संलग्न १५ वटा मुद्दा दर्ता गरी ३२ जना अभियुक्तलाई पक्राउ गर्न उनी सफल भएका छन्।

उनले जेन्जी आन्दोलनका क्रममा पूर्ण रूपमा क्षतिग्रस्त बनेको वडा प्रहरी कार्यालय भद्रपुर र ब्यारेकको मर्मत सम्भारमा उनले विशेष सक्रियता देखाएका थिए। स्थानीय निकाय, विभिन्न संघ-संस्था र स्थानीयवासीसँग समन्वय गरी कार्यालयका लागि आवश्यक फर्निचर, विद्युतीय सामग्री व्यवस्थापन र मेची बिटको पुन: स्थापना गर्न उनले नेतृत्वदायी भूमिका निर्वाह गरेका छन्।

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

**अन्तर्राष्ट्रिय**

## बस दुर्घटनामा १० को मृत्यु

**एजेन्सी**/ भारतमा मिनी बस दुर्घटना हुँदा कम्तीमा दश जनाको मृत्यु भएको छ। दक्षिणी भारतीय राज्य तमिलनाडुको एउटा खोलामा मिनी बस खस्दा कम्तीमा दश जनाको मृत्यु भएको अधिकारीहरुले बताएका छन्। दुर्घटनामा अन्य केही यात्रु घाइते भएका अल इन्डिया रेडियो (एआईआर) ले जनाएको छ। छिमेकी राज्य केरलाबाट तमिलनाडु घुम्नका लागि आएका मानिसहरु बोकेको मिनिबस दुर्घटनामा परेको हो। आकाशवाणीका अनुसार दुर्घटना हुँदा भ्यानमा केरलाका १६ जना यात्रुहरु सवार रहेका थिए। दुर्घटनाको कारण हाल सम्म थाहा हुन नसकेको प्रहरीले प्रहरीले जनाएको छ। दुर्घटनाको गहन अनुसन्धान सुरु गरिएको पनि प्रहरीले जनाएको छ।

## बाढीले ७३ हजार प्रभावित

**एजेन्सी**/ अफगानिस्तानका विभिन्न प्रान्तमा यस अघि लगातार १२ दिन सम्म आएको वर्षा र बाढीका कारण ७३ हजार भन्दा बढी मानिसहरु प्रभावित भएको संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए) लाई उदृत गर्दै शनिबार टोलो न्यूजले जनाएको छ। युएनएफपिएको रिपोर्टका अनुसार बाढीले अफगानीस्तानका विविन्न स्थानमा क्षति पुऱ्याएको छ भने हजारौं घर, कृषि जग्गा र सडक लगायत प्रमुख पूर्वाधारहरू ध्वस्त पारेको छ। विस्थापित परिवारहरू, विशेष गरी महिला तथा वालवालीकाहरुले स्वास्थ्य सेवाहको पहुँचमा गम्भीर चुनौतीहरूको सामना गरिरहेका छन्। उनीहरुलाई तत्काल खाना, आश्रय, र मनोसामाजिक सहयोग अत्यावश्यक भएको जनाइएको छ। मानव अधिकारवादी संस्थाहरूले बढ्दो आवश्यकताहरू सम्बोधन गर्न र अवस्थाको थप बिग्रन रोक्न सहयोग बढाउन आह्वान गरेका छन्।

## झापामा कांग्रेस अभियान

**दमक**/ नेपाली कांग्रेसले जरा अभियान झापामा पनि शुरु गरेको छ। केन्द्रिय प्रतिनिधिद्वय बसन्त भट्टराई र रुद्रबहादुर कन्दङ्वाको उपस्थितिमा बृहद बैठक सम्पन्न गर्दै अभियान शुरु गरिएको हो।

जरा अभियानमा झापाका लागि केन्द्रीय प्रतिनिधि एवं वृहद बैठकका प्रमुख अतिथि बसन्त भट्टराईले क्रियाशिल सदस्यता बितरणमा देखिएका अनियमितता नियन्त्रण गरेर पार्टीको नीति, विचार, सिद्धान्त, कार्यक्रमलाई पालना गर्दै अनुशासन पालना गर्ने वास्तविक क्रियाशिल सदस्य अध्यावधिक गर्न अभियान थालिएको जानकारी दिए। जरा अभियानका लागि केन्द्रीय प्रतिनिधि एवं कार्यक्रमका विशेष अतिथि रुद्रबहादुर कन्दङ्वाले गगन थापा नेतृत्वको कांग्रेसले कानुनी रुपमा बैधता प्राप्त गरेसँगै कांग्रेसभित्रको विवाद समाप्त भएको धारणा राखे। कार्यक्रममा कांग्रेस झापाका सभापति देउकुमार थेवेले अभियान सफल बनाउन क्षेत्र, प्रदेशसभा क्षेत्र, गाउँ/नगर र वडा समितिलाई सक्रिय हुन आह्वान गर्दै समयसिमाभित्रै क्रियाशिल अद्यावधिक गरिसक्ने जानकारी दिए।

नेपाली कांग्रेस झापाको आयोजनामा पार्टीका केन्द्रीय, पूर्व केन्द्रीय सदस्य, सांसद, पूर्व सांसद, कोशी प्रदेश समितिमा पदाधिकारी, सदस्य, जिल्ला कार्यसमितिका पदाधिकारी सदस्य, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, भातृ तथा शुभेच्छुक संघसंस्थाका केन्द्र, प्रदेश र जिल्लाका प्रतिनिधिहरुको सहभागितामा सम्पन्न बैठकले जरा अभियान वडा तहसम्म पुऱ्याएर केन्द्रले निर्धारण गरेकै समयमा सम्पन्न गर्ने निर्णय गरेको छ।

**पानी होइन.....** विराटनगर खानेपानी सुधार आयोजना अन्तर्गत नयाँ पाइप विस्तारको काम अन्तिम चरणमा पुगेको छ। विराटनगर महानगरपालिकाभित्र ५८ किलोमिटर दुरीमा पानी आपूर्ति प्रणालीका लागि नयाँ पाइप जडान भइरहेको समयमा समेत संस्थानले सात वर्षदेखि महसुल उठाइरहेको, सरोचिया टोलमा पनि पाइप विस्तार गर्ने योजनामा नसमेटको गुनासो स्थानीयको छ। नेपाल खानेपानी संस्थान विराटनगरका प्रमुख सन्तोष रौनियारले स्थानीयले भने जस्तो गुनासो अहिलेसम्म नआएको दाबी गरेका छन्। उनले स्थानीयले महसुल भुक्तानी गरिरहेको तर पानी नपाएको अवस्था रहेको भए तत्काल समस्या समाधान गरिने जनाएका छन्।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

## धर्मप्रचारको आरोपमा पक्राउ

*बिराटनगर/ धर्म प्रचारमा संलग्न रहेको आरोपमा प्रहरीले विराटनगरबाट ६ जना विदेशी नागरिकलाई पक्राउ गरेको छ।*

*विराटनगर महानगरपालिका-१२ स्थित होटल इस्टर्न स्टारमा अवैध रूपमा धर्म प्रचार गरिरहेको अवस्थामा प्रहरीले सिंगापुरका नागरिकहरुलाई नियन्त्रणमा लिएको हो। शनिबार बिहान होटलको सभा हलमा 'लाफिङ बुद्ध' सम्बन्धी धार्मिक कार्यक्रम सञ्चालन गरिरहेको विशेष सूचनाका आधारमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको मोरङका सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइरालाले जानकारी दिए। पक्राउ पर्नेमा कार्यक्रमका मुख्य नेतृत्वकर्ता सिंगापुरका नागरिक को वी हक र लोह ली पेङसहित ६ जना विदेशी नागरिक रहेका छन्। कार्यक्रममा नेपाली सहयोगी निरा राजभण्डारी र १६ वर्षमुनिका १२ जना किशोरीसहित ३० जनाजति सहभागी थिए। प्रहरीका अनुसार हलभित्र लाफिङ बुद्धको मूर्ति राखेर गौतम बुद्धको ज्ञानका नाममा प्रशिक्षण दिने बहानामा धर्म प्रचार भइरहेको पाइएको हो।*

## चार पत्रकार पुरस्कृत

**उर्लाबारी**/ मोरङ्को उर्लाबारी स्थित सञ्चार क्लब नेपालको २२औं वार्षिक साधारणसभा तथा अधिवेशनको अवसरमा चार पत्रकारलाई पुरस्कृत गरिएको छ।

उर्लाबारीमा आयोजित कार्यक्रममा पत्रकारिताको माध्यमबाट समाजमा योगदान गरेको भन्दै पत्रकार केशव निरौलालाई नगद रु १० हजारसहित 'दाताराम-पद्मावती खतिवडा स्मृति पत्रकारिता पुरस्कार' बाट सम्मान गरिएको हो। यस्तै, दुर्गाप्रसाद खतिवडालाई 'दुर्गाराज पोमु (लिम्बू) स्मृति पत्रकारिता पुरस्कार', सन्तोष गौतमलाई 'लिलागोमा आचार्य स्मृति पत्रकारिता पुरस्कार' र सन्तोष राईलाई 'सञ्चार क्लब नेपाल पत्रकारिता पुरस्कार' बाट जनही रु १० हजार एकसहित सम्मान गरिएको हो। उनहरूलाई कोशी प्रदेशकी भौतिक पूर्वाधार राज्यमन्त्री शोभा चेम्जोङले सम्मान तथा पुरस्कृत गरे। क्लबले एक दशकअघि देखि विभिन्न कोष स्थापना गरी पुरस्कार प्रदान गर्दै आएको छ।

## दन्त तथा आँखा शिविर



**दमक**/ दमक ८ मा निशुल्क दन्ता तथा आँखा शिविर सम्पन्न भएको छ। बालुवाटार टोल विकास संस्थाको आयोजना तथा ८ नं. वडा कार्यालयको सहकार्यमा शिविर सम्पन्न भएको हो। शिविरको वडाध्यक्ष दिपेश दाहालले उद्घाटन गरेका थिए। शिविरमा दन्त परीक्षण तर्फ प्राविधिक सहयोग दमक ६ थानारोडमा रहेको आमा डेन्टल केयर प्रा.लि. तथा आँखा परीक्षण तर्फ विर्ता ज्योति आँखा अस्पतालको प्राविधिक सहकार्य रहेको थियो। शिविरमा १५२ जनाको दन्त परीक्षण साथै ३७ जनाको नि: शुल्क दाँत खालिनुका साथै आवश्यकता अनुसार औषधि वितरण गरिएको थियो। यस्तै दुई सय भन्दा बढीको आँखा परीक्षण साथै नि: शुल्क चस्मा वितरण गरिएको थियो।

## सेवा सरल पार्न निर्देशन

**दमक**/ गृह मन्त्रालयले देशभरका जिल्ला प्रशासन कार्यालयलाई 'एकद्वार सेवा प्रणाली' लागू गर्नेसहित नौ बुँदे निर्देशन जारी गरेको छ। मन्त्रालयले जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयले दिने सेवा प्रवाहलाई थप प्रभारकारी बनाउनका लागि त्यस्तो निर्देशन गरेको हो।

मन्त्रालयले जारी गरेको परिपत्रमा चालु आवमै विद्यमान बजेटबाट नै एकद्वार सेवा प्रणाली लागू गर्न आवश्यक प्रबन्ध गर्दै आगामी आवका लागि सुधार कार्य गर्न आवश्यक न्यूनतम बजेट माग गर्न पनि भनिएको छ। प्रमुख जिल्ला अधिकारीलाई नेपाल सरकारको प्रतिनिधिका रूपमा प्रचलित कानुनबमोजिम जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गर्दै जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, सार्वजनिक सेवा प्रवाहको सुनिश्चितता, सुशासन सुदृढीकरण तथा विकास व्यवस्थापनमा सहजीकरणजस्ता महत्त्वपूर्ण प्रशासकीय भूमिका निर्वाह गर्नुपर्ने भूमिकासमेत गृहमन्त्रालयले स्मरण गराइएको छ।

उक्त निर्देशनमा गृहमन्त्री सुधन गुरुङले पदबहाली गरेको दिन मन्त्रालय र अन्तर्गतका निकाय मूलत: जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयबाट प्रदान गरिने सेवाहरू एकद्वार प्रणालीबाट गर्ने व्यवस्था मिलाउन निर्देशन भएको र नेपाल सरकार मन्त्रिपरिषद्बाट गत चैत १३ गते स्वीकृत शासकीय सुधारका एक सय कार्यसूचीमा सार्वजनिक सेवा प्रवाहमा नागरिकको विश्वास जित्ने गरी गुणात्मक सुधार, सुशासन सुदृढीकरण, भ्रष्टाचार नियन्त्रण समेतका विषयलाई केन्द्र विन्दुमा राखेर कार्यसम्पादन गर्नुपर्नेलगायत विषय उल्लेख रहेको छ।

नव वर्ष २०८३
को हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८३ सालको शुभ अवसरमा सेवाग्राही, कृषक, देश-विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
लोक बहादुर राउत
(अध्यक्ष)
मधुमाया कृषक समूह परिवार
गौरादह-६, झापा

नव वर्ष २०८३
को हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८३ सालको शुभ अवसरमा सेवाग्राही, कृषक, देश-विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
जीवराज कार्की
(अध्यक्ष)
जनजागरण कृषक समूह परिवार
गौरादह-६, झापा